**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 12.12.2025

## सिक्किम विधानसभाको एकदिवसीय शीतकालीन सत्रमा आठ विधेयक पारित

सिक्किम विधानसभाको एकदिवसीय शीतकालीन सत्र शुक्रवार सम्पन्न भयो। सत्रको प्रारम्भमा सभामुख मिङ्मा नर्बु शेर्पाले सबै सदस्यको सहमतिमा चार नयाँ र चार संशोधनसहित आठ विधेयक एकै दिनमा प्रस्तुत गरी पारित गर्ने प्रस्ताव अघि सारे, जसलाई सदनले अनुमोदन गरेको थियो।

सिक्किम विधानसभाले आज सर्वसम्मतिले १२ समुदायलाई अनुसूचित जनजातिको मान्यता प्रदान गर्ने प्रस्ताव पनि पारित गरेको छ।

## एसएसएमई- डीएफओ प्रधानमन्त्री विश्वकर्मा मेला

सूक्ष्म, साना तथा मझौता उद्यम – विकास तथा सहजीकरण आजदेखि प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत दर्ता भएका लाभार्थीहरूका लागि “Colours of Sikkim Arts & Traditions” अर्थात सिक्किम कला र परम्पराका रंगहरू भन्ने विषयवस्तु अन्तर्गत तीन दिने प्रधानमन्त्री विश्वकर्मा मेला, प्रदर्शनी तथा व्यापार मेला आयोजना  गर्दैछ।

वाणिज्य तथा उद्योग मन्त्री टी. टी भुटियाले आज कार्यक्रमको उद्घाटन गर्नुभयो । उहाँले ग्रामीण कारीगरहरूलाई सरकारी योजनाहरूको बारेमा प्रोत्साहन र जानकारी दिन भनि ग्राम पंचायत स्तरमा थप जागरूकता कार्यक्रमहरू आयोजना गर्न एमएसएमई अधिकारीहरूलाई आग्रह गरे। श्री भुटियाले सिक्किम सरकारको एक परिवार, एक उद्यमी योजना सहितको कारीगर र उद्यमी मैत्री पहलहरूमाथि पनि प्रकाश पारे।

## सुपर कार र्‍याली

सिक्किम द सिल्क रूट ड्राइभ उच्च प्रदर्शन सुपरकारहरूको काफिला आज एमजी मार्ग गान्तोक आइपुग्यो। र्‍याली सिलिगुडीबाट शुरू भएर रम्फु पुगेको थियो। सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागका अतिरिक्त मुख्य सचिव सीएस रावले सिक्किम प्रवेश गर्दा रम्फुको अटल सेतु पुलमा औपचारिक रूपमा  झण्डा देखाएर प्रस्तान गराउनुभयो। रिपोर्ट अनुसार, भोलि बिहान र्‍याली, छाङ्गु लेकको लागि प्रस्थान गर्नेछ।

## सोरेङ जिल्लाका राजनीतिक दलहरूसँगको मासिक समन्वय बैठकको अध्यक्षता डीसी सोरेङले गर्नुभयो।

जिल्ला निर्वाचन अधिकारी (सोरेङ) तथा सोरेङका जिल्लापाल धीरज सुवेदीले आज जिल्ला प्रशासनिक केन्द्र  सोरेङमा राजनीतिक दलका प्रतिनिधिहरूसँगको मासिक समन्वय बैठकको अध्यक्षता गर्नुभयो। उहाँले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले गरेको सहयोगको प्रशंसा गर्नुभयो। श्री सुवेदीले विशेष गहन संशोधनको भागको रूपमा सञ्चालन गरिएको प्रमाणीकरण प्रक्रियामा बुध लेभल एजेन्टहरूले खेल्ने महित्तवपूर्ण भूमिकाको बारेमा थप व्याख्या गर्नुभयो। बैठकमा सिक्किम क्रान्तिकारी मोर्चा ( एसकेएम) र सिटिजन एक्सन पार्टी (क्याप) सिक्किमका प्रतिनिधिहरू उपस्थित थिए।

## जोङ्गुका सोनम वाङचुक लेप्चाले “Young Naturalist Award” जिते

सिक्किमको जोङगुका सोनम वाङचुक लेप्चाले गुवाहाटीमा आयोजित १३औं बालिपारा फाउन्डेसन अवार्डमा पूर्वी हिमालयमा पुतली संरक्षण र अनुसन्धानमा उनको दशक लामो कामलाई मान्यता दिँदै “Young Naturalist Award” नामक पुरस्कार प्राप्त गर्की छन्।

उनी बटरफ्लाइज अफ जोङ्गु लेख्ने र सिक्किमको पुतली विविधतामा धेरै वैज्ञानिक पत्रहरू प्रकाशित गर्नेका लागि परिचित छन्। विज्ञानमा नयाँ प्रजाति, Chocolate- Bordered Flitter को उनको खोज उनको करियरको प्रमुख कोसेढुङ्गा हो।

## सुर्तिमुक्त युवा अभियान ३.० र COTPA २००३ सम्बन्धी जागरूकता सत्र पाकिम जिल्लाको डिक्लिङस्थित पीएम श्री सरकारी माध्यमिक विद्यालयमा आयोजना गरियो।

स्वास्थ्य तथा परिवार कल्याण विभाग, पाकिम जिल्लाले आज डिक्लिङस्थित पीएम श्री सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा सुर्तिमुक्त युवा अभियान ३.० र चुरोट तथा अन्य सुर्तिजन्य उत्पाद ऐन ( COTPA) २००३ को प्रावधानहरूमा केन्द्रित रहेर एक जागरूकता सत्र आयोजना गरेको थियो। कार्यक्रमको नेतृत्व पाकिम जिल्लाका प्रमुख चिकित्सा अधिकारी डा. मदनमणि ढकाल र राष्ट्रिय सुर्तिजन्य नियन्त्रण कार्यक्रमका कार्यक्रम संयोजनक डा. दिग्चा श्री राईले गरेका थिए।

यो सत्र प्राथमिकदेखि वरिष्ठ कक्षाका विद्यार्थीहरूलाई सुर्तिजन्य पदार्थको प्रयोगको हानिकारक प्रभावहरूबारे शिक्षित गर्न, राष्ट्रिय सुर्तिजन्य पदार्थ विरोधी पहलहरूको बारेमा जागरूकता बढाउन र सुर्तिजन्य पदार्थ नियन्त्रण कानूनहरूको बारेमा उनीहरूको बुझाइ बढाउने उद्देश्यले गरिएको थियो।

## एडीएम मंगनले खोप सम्बन्धी जिल्ला कार्यदलको बैठकको अध्यक्षता गर्नुभयो।

अतिरिक्त जिल्ला मजिस्ट्रेट श्री पेमा वाङचेन नामकर्पाको अध्यक्षतामा आज डीएसी मंगनमा जिल्ला खोप सम्बन्धी कार्यदलको बैठक बोलाइएको थियो।

बैठकले जिल्लामा जारी पहलहरूको समीक्षा गर्‍यो र प्रमुख प्रशासनिक र स्वास्थ्य सम्बन्धी प्राथमिकताहरूको मूल्याङकन गर्‍यो। जिल्लामा कम लिङ्ग अनुपात र दादुरा रूबेला उन्मूलन गर्न सामना गर्नुपरेको चुनौतीहरूको बारेमा पनि सम्बोधन गर्‍यो।